# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, वैशाख १८ गते २०५२ साल (अतिरिक्ताङ्क २ (क + १)

## भाग ४

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

चितवन जिल्ला, पदमपुर गाउँ विकास समितिका जनताहरूलाई जुटपानी गाउँ विकास समितिमा सारी पदमपुर गाउँ विकास समितिलाई शाही राष्ट्रिय निकुञ्ज चितवनमा समावेश गर्नको लागि श्री ५ को सरकारले देहायबमोजिमको पदमपुर गाउँ विकास समिति स्थानान्तरण समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकेको छ ।

१. समितिको गठनः–

(क) श्री सूर्यप्रसाद शर्मा – अध्यक्ष

(ख) जिल्ला विकास समिति चितवनका सभापति वा निजले तोकेको जिल्ला विकास समितिको सदस्य – सदस्य

(ग) चितवन जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधि सभाका सदस्य – पदेन-सदस्य

(घ) चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभाका सदस्य – पदेन-सदस्य

(ङ) अध्यक्ष, पदमपुर गाउँ विकास समिति – सदस्य

(च) अध्यक्ष, जुटपानी गाउँ विकास समिति – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य

(ज) स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, चितवन – सदस्य-सचिव

२. समितिको काम, कर्तव्य तथा अधिकारः–

(क) पदमपुर गाउँ विकास समिति क्षेत्रका जनताहरूको पारिवारिक विवरण संकलन गरी घर जग्गाको मूल्यांकन गर्ने ।

(ख) पदमपुर गाउँ विकास समितिको जनताको बसोबास जुटपानी गाउँ विकास समितिमा सार्ने ।

(ग) पदमपुर गाउँ विकास समितिको क्षेत्रलाई शाही राष्ट्रिय निकुन्ज चितवन-मा समावेस गर्ने ।

(घ) जुटपानी गाउँ विकास समिति क्षेत्रको कालिका (गुन्द्रे, मान्द्रे) भन्ने स्थानको खाली जग्गामा बसोबासको योजना बनाउने ।

(ङ) पदमपुर गाउँ विकास समितिबाट बसोबास सारिने परिवारहरूलाई आ-आफ्नो पहिलेको जग्गा र घर धुरीको अनुपातमा जग्गा तथा घर निर्माणको लागि मुआब्जा उपलब्ध गराउने ।

(च) जुटपानी गाउँ विकास समितिको नयाँ बस्ती बस्ने क्षेत्रमा बाटोघाटो, खानेपानी, सिंचाई, विद्यालय, हेल्थपोष्ट, गाउँ विकास समिति भवन सार्वजनिक स्थल तथा धार्मिक मठ-मन्दिर आदि निर्माण गर्ने ।

(छ) श्री ५ को सरकारबाट पदमपुर गाउँ विकास समितिको स्थानान्तरणको लागि प्राप्त हुने अनुदान रकमको कार्यक्रम तर्जुमा गरी प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्ने ।

(ज) श्री ५ को सरकारले तोकेको अन्य काम गर्ने ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22